जब मानिसले आफ्नो घरपरिवारमा सवाब (पुण्य) को नियतले खर्च गर्छ, त्यो उसको लागि दान (परोपकार) मानिन्छ ।

अबू-मस्ऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जब मानिसले आफ्नो घरपरिवारमा सवाब (पुण्य) को नियतले खर्च गर्छ, त्यो उसको लागि दान (परोपकार) मानिन्छ ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनु भएको छ, जब कुनै व्यक्तिले आफ्नो घरका सदस्यहरू जस्तै पत्नी, आमाबाबु र छोराछोरीहरू जसमाथि खर्च गर्नु उसको कर्तव्य हो, अल्लाहको प्रसन्नता प्राप्त गर्न र पुण्य प्राप्त गर्ने उद्देश्यले खर्च गर्दछ, उसले दानको इनाम पाउनेछ ।

http://www.sunnah.global/hadeeth/ne/show/6460